# राष्ट्रिय सूचना आयोगका पदाधिकारीको आचारसंहिता, २०७६

सुशासन ऐन, २०६४ को दफा २३ को प्रयोजनको लागि राष्ट्रिय सूचना आयोगले देहाय बमोजिमको आचारसंहिता बनाई लागू गरेको छ,—

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आचारसंहिताको नाम "राष्ट्रिय सूचना आयोगका पदाधिकारीको आचारसंहिता, २०७६" रहेको छ ।

(२) यो आचारसंहिता तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,—

(क) **"आयोग"** भन्नाले सूचनाको हकसम्वन्धी ऐन, २०६४ बमोजिम गठन भएको राष्ट्रिय सूचना आयोग सम्झनुपर्छ।

(ख) **"आयुक्त"** भन्नाले राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्तलाई सम्झनु पर्छ ।

३. **पदीय वा पेशागत आचरण पालना गर्नु पर्नेः आयुक्त**ले यस आचारसंहितामा उल्लेख भए बमोजिमको पदीय वा पेशागत आचारसंहिताको पालना गर्नु पर्नेछ ।

४. **पदको मर्यादा र अनुशासनमा रहनु पर्नेः आयुक्त**ले आफ्नो पद र ओहोदा अनुसारको मर्यादा कायम राखी अनुशासनमा बस्नु पर्नेछ ।

५. **समयको पालनाः आयुक्त**ले नेपाल सरकारले तोकेको कार्यालय समयको पालना गरी तोकिएको जिम्मेवारी पूरा गर्नु पर्नेछ ।

६. **दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न नहुनेः आयुक्त** आफैले वा आफ्नो परिवारको कुनै सदस्यमार्फत आयोगको कामसँग सम्बन्धित व्यक्तिहरूसँग दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न वा कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिसन वा गैरकानुनी रूपमा रकम प्राप्त गर्न हुँदैन ।

७. **कार्य सम्पादनको सिलसिलामा राजनैतिक वा अवाञ्छनीय प्रभाव वा सम्पर्क कायम गर्न नहुनेः आयुक्त**ले आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न हुँदैन र ओहदाको मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसँग अवाञ्छित सम्पर्क राख्न हुँदैन|

८. **राजनीतिमा भाग लिन नहुनेः आयुक्त**ले राजनीतिमा भाग लिन वा कुनै राजनैतिक दल वा सङ्गठनको सदस्यता प्राप्त गर्न वा राजनीतिक पदको लागि हुने निर्वाचनमा उम्मेदवार हुन वा त्यस्तो निर्वाचनमा

कुनै उम्मेदवार, राजनैतिक दल वा सङ्गठनको तर्फबाट प्रचारप्रसार गर्न वा वक्तव्य दिन वा मत माग्न हुँदैन । तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनबमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पुऱ्याएको मानिने छैन ।

९. **समाचार प्रकाशन गर्नमा प्रतिबन्धः आयुक्त**ले आयोगको पूर्वस्वीकृति नलिई आफूले पदमा रही कर्तव्य पालन गर्दा प्राप्त भएको जानकारी वा कुनै गोप्य वा कानुनद्वारा निषेधित विषय वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रेस वा अरू कसैलाई दिनु वा बताउनु हुँदैन । यो प्रतिबन्ध आयोगको पदाधिकारीबाट अवकाश प्राप्त पूर्व पदाधिकारीको हकमा समेत लागू रहनेछ ।

१०. **लेख, वक्तव्य वा भाषण प्रकाशन वा प्रसारण गर्न नहुनेः आयुक्त**ले काल्पनिक वा वास्तविक नामबाट नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने, देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादामा खलल पर्ने, अदालतको निर्णयको अपहेलना हुने तथा प्रचलित कानुन तथा नेपाल सरकार र जनताबीचको सम्बन्धमा खलल पर्ने गरी कुनै पनि सञ्चार माध्यमबाट लेख, वक्तव्य वा भाषण प्रकाशन वा प्रसारण गर्न हुँदैन । तर व्यवसायसँग सम्बद्ध विषयमा प्राज्ञिक वा अनुसन्धानात्मक प्रकृतिको लेख, रचना लेख्न र प्रकाशन गर्न कुनै वाधा पुऱ्याएको मानिने छैन ।

११. **साम्प्रदायिक दुर्भावना फैलने कार्य गर्न नहुनेः आयुक्त**ले नेपालको विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरूबीच वैमनस्यता उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने कुनै काम गर्न हुँदैन ।

१२. **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यावसाय गर्न नहुनेः आयुक्त**ले नेपाल सरकारको पूर्वस्वीकृति नलिई देहायको काम गर्नु हुँदैनः—

(क) कुनै कम्पनीको सञ्चालक हुन,

(ख) प्रचलित कानुनबमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न ।

१३. **आयोगको अहित हुने कार्य गर्न नहुनेः आयुक्त**ले आयोगलाई अहित हुने गरी कुनै कार्य गर्नु हुँदैन ।

१४. **आयोगलाई हानिनोक्सानी पार्न नहुनेः** आयुक्तले जानाजान, हेलचेक्र्याइँ वा लापरवाही गरी आयोगलाई हानिनोक्सानी पुऱ्याउनु हुँदैन ।

१५. **संस्थाको सदस्यताः आयुक्त**ले प्रचलित कानुन र आयोगको नीतिको विपरीत हुने गरी आफ्नो पेशागत, व्यावसायिक र सामाजिक संस्थाबाहेक अन्य कुनै पनि संस्थाको सदस्य बन्न हुँदैन ।

१६. **सम्पत्तिको विवरण पेश गर्नुपर्नेः आयुक्त**ले आफ्नो र आफ्नो परिवारको नाममा रहेको चल तथा अचल सम्पत्तिको विवरण प्रचलित कानुनबमोजिम तोकिएको ढाँचामा तोकिएको निकायमा पेश गर्नु पर्नेछ ।

१७. **व्यावसायिकता र विशेषज्ञताः** आयुक्तले राज्यले अबलम्बन गरेको नीति, समाज र नागरिकको सोंच, व्यवहारलाई आत्मसात् गर्दै आधुनिक राज्यको मान्यताबमोजिम व्यावसायिक र विशेषज्ञको रूपमा आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ ।

१८. **स्वच्छ, तर्कसँगत र सद्विवेकः** आयुक्तले स्वच्छ, तर्कसँगत र सद्विवेक र न्यायोचित ढंगले आफ्नो कार्यसम्पादन गर्नु पर्नेछ ।

१९. **सरोकारवालाको अवधारणा मनन् गर्नेः** आयुक्तले कार्यसम्पादन गर्दा कुनै व्यक्तिविशेषको स्वार्थमा सीमित नभई सबै सरोकारवाला नागरिक, वर्गीय वा व्यवसायिक संघ संस्था तथा अभियन्ताबाट प्राप्त सुझाव, मन्तव्य र धारणालाई गंभीरताका साथ अध्ययन, मनन तथा विश्लेषण गरी नागरिकको हित र कल्याण गर्ने उद्देश्यबाट अभिप्रेरित हनु पर्नेछ ।

२०. **आदेश तथा निर्णय गर्दा अनावश्यक दबाब र प्रभावमा परेर सम्पादन गर्न नहुनेः**

(१) आयुक्तले अनुचित दबाब र प्रभावबाट मुक्त रही निष्पक्ष र निर्वैयक्तिकताको आधारमा राज्य र आम नागरिकको स्वार्थलाई ध्यान दिई आफ्नो कार्य सम्पादन गर्नु पर्छ ।

(२) आयुक्तले कार्यसम्पादन गर्दा कुनै व्यक्ति वा समूहप्रति अप्रासंगिक आधारमा बोलेर, लेखेर, आचरणद्वारा वा अन्य कुनै तरिकाबाट पक्षपात वा पूर्वाग्रहपूर्ण व्यवहार गर्नुहुँदैन

२१. **कमी, कमजोरी, गल्ती र त्रुटीलाई सच्याउदै लैजाने आदत र संस्कारको अवलम्बनः** आयुक्तले आफ्नो कार्यसम्पादनको सिलसिलामा देखिएका आफ्ना कमी, कमजोरी, गल्ती र त्रुटीलाई सच्याउँदै जाने आदत र संस्कार अवलम्बन गर्नु पर्छ ।

२२. **पूर्वसजगताः** आयुक्तले आफ्नो कार्यसम्पादन गर्दा देहायको विषयमा पूर्वसजगता अपनाई गंभीर र सावधानीपूर्वक आफ्नो ज्ञान, सीप र विवेकको प्रयोग गर्नु पर्नेछ ।

**(क) संवैधानिक सर्वोच्चताः** आयुक्तले देशको मूल कानुन संवैधानिक सर्वोच्चतालाई स्वीकार गरी आफ्नो कार्य सम्पादन गर्नु पर्छ ।

**(ख) कानुनको शासनः** आयुक्तले कानुनभन्दा माथि कोही हुँदैन, कानुनको अगाडि सबै समान हुन्छन् र कानुनबमोजिममात्र शासन सञ्चालन गर्नुपर्छ भन्ने कानुनको शासनको मूल अभिप्रायलाई हृदयङ्गम गरेर आफ्नो कार्य सम्पादन गर्नुपर्छ ।

**(ग) अन्तर्राष्ट्रिय कानुन, महासन्धि तथा राज्यले व्यक्त गरेका प्रतिवद्धताबारे जानकारः** आयुक्तले अन्तर्राष्ट्रिय कानुन, अन्तर्राष्ट्रिय महासन्धिका प्रावधान र राज्यले त्यस विषयमा व्यक्त गरेको प्रतिवद्धतालाई मनन गरेर आफ्नो कार्य सम्पादन गर्नुका साथै सूचनाको हकका सिद्धान्तहरु स्थापित गर्ने अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा अन्य दस्तावेजलगायत अन्तर्राष्ट्रिय कानूनमा भएका सम्बद्ध विकासहरुबारे सुसूचित रहनुपर्दछ ।

**(घ) समस्याको पहिचान र तार्किक निष्कर्षः** आयुक्तले आफ्नो कार्यसम्पादनको क्रममा समस्याको जडको पहिचान गरी वृहत छलफल र विचारको आदानप्रदानको माध्यमबाट तार्किक निष्कर्षमा पुगी समस्याको समाधानतर्फ अग्रसर हुनुपर्छ ।

**(ङ) कानुन र न्यायका सामान्य सिद्धान्तः** आयुक्तले आफ्नो कार्यसम्पादनको क्रममा कानुन र न्यायका सामान्य सिद्धान्तलाई चिन्तन र मनन् गर्नु पर्छ ।

२३. यो आचारसंहितामा उल्लेख गरिएको कुनै विषय प्रचलित नेपाल कानूनसँग बाझिएमा सो बाझिएको हदसम्म प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।